DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# नेपालका राजनीतिक दलहरूको "संगठन सुधार र जनसम्बन्ध विस्तार" अभियान

अंक २ असोज २०८०

## १. परिचय

जनताप्रति उत्तरदायी राजनीतिक दल, त्यसको नेतृत्वको भूमिका र समावेशी प्रतिनिधित्वमा लोकतन्त्रको प्रभावकारिता निर्भर गर्छ । नेपालको परिवेशमा राजनीतिक दलले बदलिँदो सामाजिक, राजनीतिक परिवेशअनुरूप देखापर्ने चुनौतीहरू सम्बोधन गर्न तत्पर छन् त भन्ने प्रश्न अहम् छ । दलले नागरिकसँग जोडिन, समसामयिक मुद्दासँग अद्यावधिक हुन र तिनको समाधानका लागि गरेका प्रयास र रणनीति आम चासोका विषय हुन् । २०७९ मा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सम्पन्न भएसँगै राजनीतिक दलले विभिन्न नाम दिएर 'संगठन सुधार र जनसम्बन्ध विस्तार' अभियान थालेका छन् । यो राजनीतिक परिवेश विश्लेषणले राजनीतिक दलहरूले थालेका ती अभियानका विविध पक्ष केलाउने कोसिस गरेको छ । यसका लागि राजनीतिक दलका प्रतिनिधि, राजनीतिक विश्लेषक र नागरिकसँग संवाद गरिएको थियो । साथै, विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचार केलाइएको थियो । यस राजनीतिक परिवेश विश्लेषणले भदौ ३०, २०८० सम्मको समयावधिलाई समेट्छ ।

## २. अभियानको पृष्ठभूमि

मंसिर २०७९ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न राजनीतिक दलहरू गठबन्धन गरेर निर्वाचनमा सहभागी भएका थिए । नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)], नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एकीकृत समाजवादी)], लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र राष्ट्रिय जनमोर्चा नेपालले पाँच दलीय गठबन्धन बनाएर निर्वाचनमा भाग लिए । अर्कोतर्फ, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)], जनता समाजवादी पार्टी नेपाल (जसपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र नेपाल परिवार दलबीच निर्वाचनमा तालमेल भएको थियो ।

प्रतिनिधिसभामा कुल १३ दलको प्रतिनिधित्व छ । नेपाली काँग्रेस ८८ सिटसहित सबैभन्दा ठूलो दल बन्यो भने ७९ सिट रहेको नेकपा (एमाले) दोस्रो ठूलो दल बन्यो । तेस्रो ठूलो दल बनेको नेकपा (माओवादी केन्द्र) ले ३२ सिट हात पार्‍यो । त्यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले २१ सिट र राप्रपाले १४ सिट, जसपाले १२ सिट, नेकपा (एकीकृत समाजवादी) ले १० सिट, जनमत पार्टीले छ सिट, लोसपाले चार सिट, नागरिक उन्मुक्ति पार्टीले चार सिट, नेपाल मजदुर किसान पार्टीले एक सिट, राष्ट्रिय जनमोर्चाले एक सिट र आम जनता पार्टीले एक सिट प्राप्त गरे । दुई स्वतन्त्र सांसद पनि वर्तमान प्रतिनिधिसभामा छन् ।

गठबन्धन वा तालमेल गरेर निर्वाचनमा होमिएका दलहरूले अपेक्षाकृत मत परिणाम प्राप्त गर्न सकेनन् । त्यसको विपरीत भर्खर स्थापना भएर एक्लै निर्वाचनमा सहभागी भएका नयाँ दलहरूले प्रतिनिधिसभामा अनपेक्षित सफलता हात पारे । प्रतिनिधिसभा निर्वाचनको पाँच महिनाअघि मात्र स्थापना भएको रास्वपा र स्थापना भएको तीन वर्षपछि पहिलो पटक निर्वाचनमा भाग लिएको जनमत पार्टी राष्ट्रिय दलको रूपमा स्थापित भए । राष्ट्रिय दलको मान्यता प्राप्त गर्न असफल भए पनि स्थापना भएको झन्डै एक वर्षपछि निर्वाचनमा भाग लिएको नागरिक उन्मुक्ति पार्टीले प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फ चार निर्वाचन क्षेत्र जितेको थियो । यसरी नयाँ दलको उदयसँगै प्राप्त गरेको हौसलाले पहिलेदेखि स्थापित दलको शक्ति सन्तुलनमा चुनौती थप्यो । २०८० वैशाखमा प्रतिनिधिसभाका तीन सिटका लागि चितवन, तनहुँ र बारामा सम्पन्न निर्वाचन परिणामले पनि नयाँ दलप्रति जनताको उत्साह झन् बढेको संकेत गर्‍यो । यसपछि नयाँ दलहरू थप उत्साही बने भने पुराना दलहरूभित्र सङ्गठन एवं जनसम्बन्धमा सुधार गरिनुपर्ने आवाज उठ्न थाले ।

## ३. दलका अभियान

२०७९ को निर्वाचनको नतिजाले नयाँ दललाई जनतासँग जोडिन र संगठन विस्तार गर्न उत्साहित बनायो भने पुराना दललाई आफ्नो प्रभाव बचाइराख्न चुनौती थपिदियो । यसैले दलहरूले सांगठनिक गतिविधि र नेता-कार्यकर्ता परिचालनलाई तीव्रता दिएका छन् । दल र जनताबीचको सम्बन्ध सुमधुर बनाउने प्रयास हो यो । नेकपा (एमाले) ले नेताहरूलाई आफ्नो कार्यक्षेत्रभन्दा फरक भूगोलमा खटाएर फागुन २०७९ बाट 'मिशन ग्रासरूट' अभियान

थाल्यो । दुई महिने यस अभियानमा पोलिटब्युरो सदस्यदेखि केन्द्रीय सदस्यहरूसम्म प्रदेश र पालिका तहहरूमा खटाइएका थिए । अभियानमा खटिएका केन्द्रीय सदस्यका अनुसार उनीहरूलाई विभिन्न ११ ओटा कार्यादेश दिइएको थियो, जसअन्तर्गत पार्टी सदस्यता नवीकरण गर्ने, पार्टी सदस्यको वास्तविक सङ्ख्या पत्ता लगाउने, पार्टीबारे राय सुझाव संकलन गर्ने, प्रशिक्षण दिने, पार्टीमा सम्भावनायुक्त नयाँ पुस्ताको पहिचान गर्ने, पार्टी र जनताको सम्बन्ध सुदृढ गर्ने, स्थानीय तहमा उत्पन्न अन्तर्विरोधको पहिचान गर्ने, पार्टी र जनप्रतिनिधिबीच वैचारिक एकरूपता ल्याउने लगायतका जिम्मेवारी थिए। वैशाख १०, २०८० मा मिसन ग्रासरूट अभियान पूरा गरी नेकपा (एमाले) ले अब पार्टीलाई गतिशिल बनाएर अर्को चुनाव केन्द्रित हुने कार्ययोजना सार्वजनिक गरिसकेको छ।[१]

नेपाली काँग्रेसले संगठनलाई गतिशिल बनाउन साउन १०–२०, २०८० मा आन्तरिक विशेष 'सङ्गठन सुदृढीकरण अभियान' सञ्चालन गरेको थियो। सो कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको पार्टीका प्रचार विभाग प्रमुखले बताए। उनका अनुसार असोज २०७९ बाट नेपाली काँग्रेसले अर्को अभियान सञ्चालन गर्ने तयारी गरिरहेको छ। उनले थपे, "अब 'समुदायमा काँग्रेस' भन्ने अभियान अगाडि बढाउन खोजिरहेका छौँ। तर, वर्षाको समयमा बाढी-पहिरो र खोलानालाको डर छ। डेंगुको महामारीको कारणले मानिसहरूको समूह बनाएर बस्न असहज छ। त्यसैकारण हामीले अहिले नै अभियानलाई अगाडि लैजान सकेका छैनौँ। यो अभियानमार्फत् नेताहरू जनताको घरदैलोमा पुग्नेछन्।"

सरकारको नेतृत्व गरिरहेको नेकपा (माओवादी केन्द्र) ले भदौ १६, २०७९ देखि 'जनतासँग माओवादी विशेष रूपान्तरण' नाम दिएर अभियान चलाउँदै आएको छ । अभियानको नारा "घरघरमा माओवादी, जनजनमा माओवादी!" राखेको नेकपा (माओवादी केन्द्र) ले अभियानको क्रममा २५ लाख मतादाता भेट्ने र पार्टी सदस्य सङ्ख्या आठ लाख पुऱ्याउने साथै, स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने अवधारणाको अध्ययन गर्ने महत्त्वाकांक्षी लक्ष्य पनि राखेको छ ।[२] यी लक्ष्य प्राप्तिका लागि अभियानका क्रममा गरिने गतिविधिहरूमा स्थानीय स्तरमा बैठक-भेला, प्रशिक्षण, गोष्ठी, तथा अन्तरक्रिया गर्ने बताइयो । यी गतिविधिबाट संगठन सुधार र जनसम्बन्ध विस्तारमा पुग्ने प्रभावबारे अभियानमा सहभागी नेकपा (माओवादी केन्द्र) की एक केन्द्रीय सदस्यले भनिन्, "केन्द्रीय सदस्यहरूले स्थानीय स्तरमा आफ्नो पार्टीको हैसियत बुझ्नेछन्। उनीहरूले जनताको गुनासा सुन्ने, पार्टी र जनताको सम्बन्ध बुझ्ने, कार्यकर्ताहरू पार्टी कमिटीमा 'कमिटेड' भए-नभएको जाँच्नेछन्। पार्टी र जनताबीचको सम्बन्धलाई पुनर्ताजकी गराउन अहिलेको अभियानले भूमिका खेल्नेछ।"

त्यसैगरी, नयाँ शक्तिको रूपमा उदाएको रास्वपाले 'मिसन ८४' नामक अभियान चलाएको छ । उक्त अभियानबाट संगठन निर्माण र विस्तारको काम सँगै २०८४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा संसद्मा प्रतिनिधित्वको संख्यालाई अझ बढाउन हौसिएको देखिन्छ । "संगठन विस्तारको लागि पालिका र वडा तहमा भेला कार्यक्रमहरू आयोजना गरी त्यहाँ सहभागीहरूमध्येबाट लोकतान्त्रिक विधि अपनाएर हामीले समिति बनाइरहेका छौँ", रास्वपाका एक केन्द्रीय सदस्यले बताए । ती सदस्यका अनुसार रास्वपाले अहिलेसम्म २७० पालिकामा संगठन विस्तार गरिसकेको छ र प्रशिक्षण कार्यक्रमहरू पनि चलाइरहेको छ।

जनमत पार्टीले पनि असार २०८० देखि कमिटी गठन र पुनर्गठन, प्रशिक्षण कार्यक्रम, सदस्यता वितरणको कामलाई तीव्रता दिएको छ। हालसम्म २० भन्दा बढी जिल्लामा प्रशिक्षण कार्यक्रम सम्पन्न भइसकेको र पार्टीलाई वडा तहबाटै बलियो बनाउन लागिरहेको बताइयो। पार्टीका एक केन्द्रीय सदस्यले भने, "गत असारदेखि पहिलो चरणको अभियान शुरू भएको हो। यसअन्तर्गत हाम्रो संगठन भएका सबै जिल्लामा प्रशिक्षण कार्यक्रम गऱ्यौँ। वडा सुदृढीकरण अभियान पनि चलायौँ जसअन्तर्गत वडास्तरको समितिलाई पुनर्गठन गऱ्यौँ। त्यसपछि हाम्रो संगठनको केन्द्रीय कमिटी, प्रदेश कमिटी र जिल्ला कमिटीमा पनि प्रशिक्षण कार्यक्रम चलायौँ। अहिले संगठन विस्तारमा थप सक्रियतापूर्वक काम गरिरहेका छौँ।"

यसरी लोकतन्त्रमा दलहरू आफ्नो विचार लिएर जनतामाझ जानु, राजनीतिक तथा सांगठनिक गतिविधि गर्नु स्वाभाविक प्रक्रिया हो। तर पनि पुराना दलमा देखिएको राजनीतिक तथा वैचारिक खडेरी, वर्तमान नेतृत्वप्रति जनतामा उत्पन्न अविश्वास र नयाँ राजनीतिक दलको उदयका कारण चुनाव अगाडि नै दलहरू जनतामाझ जान बाध्य भएको एक राजनीतिशास्त्री बताउँछन्।

## ४. चुनाव केन्द्रित रणनीति

२०७९ को निर्वाचन परिणामलगत्तै दलहरूले संगठन सुधार तथा जनसम्बन्ध विस्तार अभियान थाले । ती अभियानहरू झट्ट हेर्दा संगठन निर्माण र सुधार गर्ने प्रयास जस्ता देखिए पनि तिनको रणनीतिक तयारी भने आगामी २०८४ को निर्वाचन लक्षित देखिन्छ। प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल भएता पनि नेपाली काँग्रेसले सरकारको नेतृत्व गर्न पाएको छैन। शुरूआतमा त ऊ सरकारबाहिर नै रह्यो। सत्ता गठबन्धन परिवर्तन भएपछि मात्रै उसले संघदेखि प्रदेश सरकारसम्म सहभागिताको अवसर पायो। नयाँ गठबन्धन बन्दा संघीय सरकारको नेतृत्व आलोपालो गर्ने सहमति भएको बताइन्छ। एमाले शुरूमा सरकारमा जोडिएको थियो। पछि ऊ सत्ताबाहिर हुनपुग्यो। प्रतिपक्षमा रहनुपर्दा उसलाई पनि असन्तुष्टि उत्पन्न हुनु स्वाभाविक हो। नेकपा (माओवादी केन्द्र) तेस्रो ठूलो दल भए पनि सरकारको नेतृत्व गर्ने अवसर पाएको छ। तर स्वयं प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आफ्नो सरकार कतिञ्जेल टिक्ने हो भन्ने टुंगो नभएको बताउने गरेका छन्।

उल्लिखित तीन ओटै दललाई २०८४ को निर्वाचनमा आफू सकेसम्म ठूलो र निर्णायक दल बन्नुपर्ने हुटहुटी छ। त्यसैलाई ध्यानमा राखेर उनीहरू विभिन्न कार्यक्रमका साथ जनतामाझ पुगिरहेका छन्।

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले २०८४ को निर्वाचनलाई मिसन ५१ प्रतिशतको रूपमा बुझ्न आफ्ना नेता-कार्यकर्ताहरूलाई आग्रह नै गरेका छन्। उनले प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १६५ मध्ये ८३ सिट र समानुपातिकतर्फ ११० सिटमध्ये ५६ सिट ल्याउनेगरी खटिन निर्देशन दिएका

[१] अनलाइन खबर। २०८०। एमालेको निष्कर्ष : पार्टीलाई पुनर्जीवन, अर्को चुनावको तयारी । https://www.onlinekhabar.com/2023/05/1306320 मा उपलब्ध; असोज १०, २०८० मा हेरिएको।

[२] गणेश पाण्डे । २०८० । माओवादीको विशेष अभियान : २५ लाख जनतामा पुग्ने यस्तो छ कार्ययोजना (पूर्णपाठसहित)। *रातोपाटी*, साउन २९ । https://www.ratopati.com/story/379213 मा उपलब्ध; असोज १०, २०८० मा हेरिएको।

छन् । गत असार २६ गते नेकपा (एमाले) को पार्टी कार्यालय च्यासलमा बागमती प्रदेश संगठन कमिटीको सातौँ बैठकमा ओलीले भने, "२०८४ को निर्वाचनका लागि उत्साह र आत्मविश्वासका साथ काममा अघि बढौँ। अर्जुनले चराको आँखो मात्र देखेजस्तो गरी लागौँ। अर्जुनले रूख देखेन, हाँगो देखेन, चरा देखेन, चराको टाउको पनि देखेन, चराको आँखोमात्र देख्यो। यसैगरी हामी मिसन ५१ प्रतिशत र हरेक वडामा ५१ प्रतिशतभन्दा माथि ल्याउने गन्तव्यका साथ हिँडौँ। निस्क्रियता हैन, सक्रियता। शिथिलता हैन, जोश जाँगरका साथ लागौँ भन्ने आग्रह गर्न चाहन्छु।"[3]

नेकपा (माओवादी केन्द्र) का नेताहरूले २०६४ को संविधानसभा निर्वाचनबाट कायम भएकै हैसियतमा फर्किनुपर्ने भनेर पटक-पटक बताउने गरेका छन् । त्यतिबेला प्रत्यक्षतर्फ २४० सिटका लागि भएको निर्वाचनमा नेकपा (माओवादी केन्द्र) एक्लैले १२० सिट जितेको थियो । समानुपातिकतर्फको ३३५ सिटमध्ये उसले एक्लै १०० सिट जितेको थियो। तीन महिने 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' सञ्चालन गर्ने क्रममा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष प्रचण्डले काठमाडौँको चन्द्रागिरी-२, घट्टेडाँडामा भदौ १६, २०८० मा भएको कार्यक्रममा माओवादी २०६४ तिर फर्किन लाग्यो भनेर एकथरि मान्छेहरू अहिले अत्तालिएको समेत बताए।[४]

नेपाली काँग्रेस अहिले नै ठूलो दल भएकाले २०८४ को निर्वाचनलाई अहिलेदेखि नै कार्यक्रम बनाउन जरुरी नरहेको उक्त दलका एक केन्द्रीय सदस्यले बताए। उनले भने, "यो पटक वर्ल्डकप हारेको देशले अर्को पटक वर्ल्डकप जित्छु भनेर मिसन बनाउने हो। तर, अहिले नै जितेकोले अर्को पटक जित्न अर्को मिसन बनाइरहनु पर्दैन, किनकि उसले अहिले जितिसक्या छ। त्यसकारण, अरू चार वर्ष राम्रो काम गऱ्यौँ भने २०८४ आफै राम्रो भइहाल्छ भन्ने हाम्रो रणनीति हो।"

दलहरूले अहिलेदेखि नै जनतामाझ पुग्ने र संगठनलाई सक्रिय बनाउने कुरा प्रत्यक्ष रूपमा संसद्मा आफ्नो बलियो उपस्थिति र सरकारमा सहभागी हुने उद्देश्य प्रेरित छ । एक राजनीतिक विश्लेषकका अनुसार २०७९ को निर्वाचनपश्चात् पुराना दलहरूले आफू कमजोर महसुस गरेपछि जनस्तरसम्म पुग्ने कार्यक्रम चलाइरहेका छन्। उनले भने, "गएको चुनावमा हासिल गरेको मत र सिटका कारणले आफू कमजोर हुँदै गएको दलहरूलाई अनुभूत भयो। त्यसैले विभिन्न अभियान गरेर पार्टीलाई पुनर्जीवन दिने प्रयास गरिरहेका छन्। रवि लामिछाने, बालेन साह आदिको लोकप्रियता चुलिएको छ। उनीहरूले पाएको मतका कारणले पुराना पार्टीहरू आफ्नो भविष्यमाथि जोखिम देख्दैछन्। उनीहरूलाई २०८४ को चुनावमा हामी धेरै तल पो झर्छौं कि भन्ने डर पनि छ। तर, केन्द्रमा शक्ति नियन्त्रण गरेका छन्। भ्रष्टाचार व्याप्त छ, स्रोतसाधनको जथाभावी प्रयोग गरेका छन्। कार्यसम्पादन प्रभावकारी छैन। अनि तल चाहिँ जनतासँग माओवादी, मिसन ग्रासरूट, संगठन सुदृढीकरण आदि इत्यादि भनिरहेका छन्। यो परिणाम दिने कुरा होइन।"

नयाँ दलहरू पनि आगामी चुनाव केन्द्रित रणनीतिसहित विभिन्न अभियानमा छन्। रास्वपाका सभापति रवि लामिछानेले अर्को चुनावमा बहुमत ल्याएर सरकारको नेतृत्व गर्ने बताउने गरेका छन्। २०७९ को जनमतले संकेत गरिसकेको भन्दै उनले २०८४ को निर्वाचनबाट आफूहरूलाई बहुमत आउनेमा उनी ढुक्क देखिन्छन्। असार ७, २०८० मा पार्टी स्थापना दिवसका दिन उनले 'बज्यो घण्टी', 'अब दुई तिहाइ' लेखेर सामाजिक सञ्जालमा पोष्ट गर्न समेत आग्रह गरे।" त्यसैगरी जनमत पार्टीलाई मधेश क्षेत्रमा स्थापित अन्य दललाई विस्थापन गर्नुछ। उसले पनि २०८४ को निर्वाचनलाई ध्यानमा राख्दै विभिन्न कार्यक्रमहरू गरिरहेको छ। त्यतिबेलासम्म देशैभरि कम्तीमा २० लाख सदस्य बनाउने उसको योजना रहेको बताइयो । आफूहरूले अपेक्षा गरेभन्दा बढी मानिसहरू दलमा जोडिएको दाबी गर्दै जनमत पार्टीका एक केन्द्रीय सदस्यले भने, "अहिले साढे ७ देखि ८ लाखको हाराहारीमा हाम्रो सदस्यहरू हुनुहुन्छ। हामी प्रत्येक वर्ष थप्दै जान्छौँ, र २०८४ सम्म २० लाख सदस्य पुऱ्याउने हाम्रो लक्ष्य छ। मधेश, लुम्बिनी र कोशी प्रदेशमा हामीले पहिलो चरणको कार्यक्रम गरिसक्यौँ। अन्य प्रदेशमा पनि कार्यक्रम गर्ने योजना बनाइरहेका छौँ। हामीले तामझाम गरेका छैनौँ। २०८४ मा राम्रो नतिजा निकाल्ने हाम्रो प्रयास छ।"

## ५. दलहरूको संगठन र जनपरिचालन

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का तल्लो तहदेखि माथिल्लो तहसम्मका कमिटीहरू भद्दा एवं सुस्त भएको बुझाइ नेतृत्वको छ । यसले संगठन परिचालनमा समस्या उत्पन्न गरेको मात्र नभई, 'नेतृत्वको केन्द्रीकरण भएर सामूहिक नेतृत्व प्रणालीको बन्ध्याकरण भएको' तर्क नेकपा (एमाले) का एक केन्द्रीय सदस्यले गरिन्। नेकपा (माओवादी केन्द्र) का नेताहरू पनि सांगठनिक शिथिलता सबैभन्दा ठूलो समस्या भएकोले आगामी विधान अधिवेशनमार्फत संगठनलाई सानो एवं छरितो बनाएर यो समस्याको निदान गर्ने बताउँछन्। मंसिर २०८० मा हुने विधान अधिवेशनले संगठनलाई क्रियाशिल बनाउने गरी कमिटी निर्माणको योजना तथा रणनीति बनाउन नसकेमा यो अभियानको कुनै उपादेयता नहुने नेकपाका (माओवादी केन्द्र) का एक नेताले बताए । संगठनलाई गतिशिल बनाउन सङ्गठन सुदृढीकरण अभियानले मद्दत गरेको नेपाली काँग्रेसका प्रचार विभाग प्रमुखको स्वीकारोक्ति थियो । निर्वाचनपछि कार्यकर्तामा निराशा छाएको र पार्टीकै नीति तथा नेतृत्वप्रति टिप्पणी गर्न थालेको भए पनि अभियानपश्चात् संगठन गतिशिल भएको भन्ने तर्क ती नेताको थियो।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले पार्टी सदस्यता नवीकरण स्वयं सदस्यले शुल्क तिरेर गर्नुपर्ने सन्देश तल्लो तहसम्म पुऱ्याएको दाबी गरेका छन्। यसले दलका सदस्यमा अपनत्व र जवाफदेहिता बढ्ने विश्वास नेताहरू गर्छन्।

## ६. नयाँ पुस्तामा प्रभाव बढाउने प्रयास

प्रत्येक आवधिक निर्वाचनमा नयाँ मतदाताको ठूलो संख्या थपिँदै गएको छ। तर स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभाको परिणामले विशेषतः युवा मतदातामा पुरानो दल तथा त्यसको नेतृत्वप्रति चरम वितृष्णा र अविश्वास

---

[३] क्यानडा नेपाल। सन् २०२३। नेकपा एमाले बागमती प्रदेश संगठन कमिटीको बैठकमा केपी ओलीको सम्बोधन। जुलाई ११। https://www.youtube.com/watch?v=tU2OY1rTkps मा उपलब्ध; असोज ८, २०८० मा हेरिएको।

[४] नेपालखबर । २०८० । एकथरी मान्छेहरू माओवादी ६४ सालमा फर्कने भयो भनेर आतंकित छन् : प्रचण्ड । https://nepalkhabar.com/politics/176772-2023-9-2-15-25-0 मा उपलब्ध; असोज ८, २०८० मा हेरिएको।

रहेको देखाउँछ । नेपालको युवा जनसंख्यालाई ध्यानमा राख्दै दलहरूले नयाँ पुस्तामा पुरानो दलप्रति देखिएको असन्तुष्टिलाई सम्बोधन गर्न खोजेका छन् । प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सम्पन्न भए लगत्तै नेपाल समाजवादी पार्टीले पुस २४, २०७९ मा आयोजना गरेको राजनीतिक समितिको प्रथम पूर्ण बैठकमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा नयाँ पुस्ताको वितृष्णाबारे यसरी उल्लेख गरिएको छ :

> … प्रतिनिधिसभा तथा प्रदशेसभा निर्वाचन २०७९ लगत्तै २०७४ पछि थपिएका ३६ लाख नयाँ पुस्ताका मतदाताको मनोविज्ञान बुझेर उनीहरूको मन जित्ने कार्यक्रम ठूला दलहरूले बनाएनन् । पुराना र ठूला दलहरूको दम्भ, घमण्ड, अधिकांश नेताहरूको अक्षमता, नैतिकता र इमानदारितामा ह्रास देखेर युवा पुस्ताभित्र जसरी वितृष्णा बढ्दै गइरहेको छ, त्यो अर्को निर्वाचनसम्म विद्रोहमा रूपान्तरण नहोला भन्न सकिन्न । स्थानीय निर्वाचनदेखि प्रदेश र सङ्घको निर्वाचन नतिजाले त्यसैको सङ्केत गरेको छ । स्थानीय निर्वाचनदेखि प्रदेश र सङ्घको निर्वाचनसम्म आइपुग्दा दलहरूप्रतिको अविश्वास, आम निराशा र वितृष्णा बढ्दै गएको देखिन्छ । त्यसको परिणामस्वरूप स्वतन्त्र उम्मेदवारहरूप्रतिको आकर्षण मतदातामा बढेको देखियो ।[५]

त्यस्तै, नेकपा (एमाले) को वैशाख २८–३०, २०८० मा सम्पन्न केन्द्रीय कमिटीको पाँचौँ पूर्ण बैठकमा अध्यक्ष केपी शर्मा ओलीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमा पनि दलप्रति युवाको आकर्षण कम हुँदै गएको उल्लेख गर्दै भनिएको छ, “निर्वाचनमा प्रियतावादी (‘पपुलिष्ट’) शक्तिको उदय र परम्परावादी दक्षिणपन्थी दलको शक्ति विस्तार नयाँ र विवेचनीय परिघटनाका रूपमा रहेका छन् । खासगरी युवा मतदाताहरू, सहरी जनमत र प्रवासी नेपालीहरूका बीचमा ‘पपुलिज्म’ ले उल्लेख्य प्रभाव पार्नु र ती शक्तिहरूप्रति आकर्षण बढ्नुलाई गहन विश्लेषण गर्नु आवश्यक छ ।”[६]

पुराना राजनीतिक दलहरूले युवामा ती दलहरू प्रति आकर्षण कम हुँदै गएको स्वीकार गरे पनि तिनलाई कसरी संगठित गर्ने भन्नेमा स्पष्ट खाका दलसँग छैन । अर्कोतर्फ, दलहरूका परम्परागत जनाधारलाई पनि नयाँ पुस्ताले प्रभाव पारिराखेका छन् । सूचना प्रविधिमार्फत् राष्ट्रिय र अन्तर्राष्ट्रिय सूचनामा पहुँच राख्ने त्यही आधारमा धारणा बनाउने नयाँ पुस्तालाई पुरानै ढर्राको संगठनात्मक शैलीले दलको संगठनमा आबद्ध गर्न कठीन देखिन्छ । साथै, उनीहरूले वैचारिक रूपमा प्रतिबद्धभन्दा पनि सुशासन, भ्रष्टाचारको न्यूनीकरण, प्रभावकारी सेवाप्रवाह र रोजगारी सिर्जनालाई महत्त्व दिएको देखिन्छ । उनीहरूको यी आकांक्षा पूरा गर्नेतर्फ ठोस कार्य नहुने हो भने राजनीतिक दलको अभियानले मात्र अपेक्षाकृत परिणाम नआउन सक्छ ।

[५] नेपाल समाजवादी पार्टी । २०७९ । समाजवादी ध्रुवीकरण आजको आवश्यकता । पृ. ७ । काठमाडौँ : नेपाल समाजवादी पार्टी ।

[६] नेकपा (एमाले) । २०८० । केन्द्रीय कमिटीको पाँचौँ पूर्ण बैठक अध्यक्ष केपी शर्मा ओलीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन । नेकपा (एमाले), काठमाडौँ ।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले गरेका अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्दतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/